नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्या:-
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

## विज्ञप्ति

नेपाल सरकारको २०७८/०१/१३ को निर्णय अनुसार कोभिड-१९ को दोस्रो लहरको संक्रमणबाट अति प्रभावित जिल्लाहरुमा संक्रमणको रोकथाम र नियन्त्रण तथा उपचारको लागि काठमाडौं उपत्यका र तराईका जिल्लामा ५०० भन्दा बढी र पहाडी र हिमाली जिल्लाहरुमा २०० भन्दा बढी सक्रिय संक्रमितको संख्या पुगेका जिल्लाका प्रमुख जिल्ला अधिकारीहरुले यही २०७८ बैशाख १६ गतेदेखि १५ दिनको लागि सार्वजनिक आवागमन, बजार सञ्चालन तथा अन्य सबै प्रकारका वस्तु वा सेवाको आपूर्ति तथा सञ्चालनमा आवश्यक नियन्त्रण तथा नियमन गर्न निषेध आदेश जारी गर्नसक्ने व्यवस्था गरिएको छ । यसै अनुरुप काठमाडौं उपत्यकाका ३ वटै जिल्लाहरुमा आज वैशाख १६ गते देखि १ हप्ता र मुलुकका अन्य कतिपय जिल्लाहरुमा समेत निषेध आदेश जारी भैसकेको छ ।

निषेध आदेश जारी भएका ठाउमा अत्यावश्यक वाहेकका सार्वजनिक सेवा तथा आवागमनमा रोक लगाइने भएकोले निषेध आदेशको अवधिभर अति आवश्यक नपरी घरबाट बाहिर ननिस्कन र यात्रा नगर्नु हुन सम्बद्ध सवैमा गृह मन्त्रालय हार्दिक अनुरोध गर्दछ ।

**Covid-19** को दोस्रो लहरको संक्रमण तीव्र गतिमा फैलिरहेको कारण उत्पन्न यस विषम परिस्थितिको सामना गर्न सरकारको प्रयासको अतिरिक्त अन्य सबै सरोकारवालाको सहयोग एवं सहकार्य पनि त्यत्तिकै जरुरी हुने भएकोले सरकारद्वारा जारी निर्देशन एवं स्वास्थ्य मापदण्ड तथा प्रमुख जिल्ला अधिकारीहरुबाट जारी निषेध आदेशको पूर्ण रुपमा पालना गरी संक्रमण फैलन नदिन सरकारको तर्फबाट गरिएको प्रयासमा सम्वद्ध सवै पक्षबाट पूर्ण सहयोग हुनेछ भन्ने अपेक्षा सहित सवैको जानकारीको लागि यो विज्ञप्ति जारी गरिएको छ ।

२०७८।१।१६

मिति: २०७८/०१/१६

जनकराज दाहाल
सहसचिव/प्रवक्ता